## बैठक संख्या: ७३

आज मिति २०८१।०३।०४ गतेका दिनको ३.०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | [signature] |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | [signature] |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | दण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | [signature] |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | [signature] |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | [signature] |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | [signature] |
| ९ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | [signature] |
| १० | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | [signature] |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | [signature] |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | [signature] |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | [signature] |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | [signature] |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | [signature] |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | [signature] |
| १९ | ~~हरिशरण सोती~~ जगत प्रताप भुसाल | नि.प्रमुख प्रशासकीय अधिकृत | [signature] |

# ७३ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ७२ औं कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

निर्णय नं.२. माडी नगरपालिकाको यसैसाथ संलग्न आ.व. २०८३/०८४ को लागि नीति तथा कार्यक्रम स्वीकृतीका लागि १८औं नगरसभामा पेश गर्ने ।

निर्णय नं.३.वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको अनुदान र यस कार्यालयको साझेदारीमा हाल प्राप्त भएको ३ तहको सुधारिएको चुलो देहाय अनुसार वडाबाट प्राप्त ४०० घरधुरीलाई वितरण गर्ने।

देहायः

| वडा नं. | लाभग्राहीको संख्या |
|---|---|
| १ | १६ |
| २ | २४ |
| ३ | १०३ |
| ४ | १९ |
| ५ | ७९ |
| ६ | ४६ |
| ७ | १९ |
| ८ | ३५ |
| ९ | ५९ |

निर्णय नं.४. माडी नगरपालिका वडा नं. ६ स्थित विगत देखि सञ्चालनमा रहेको कोशेली घर थप १ वर्ष सञ्चालनका लागि चितवन उद्योग संघ माडीलाई अनुमति प्रदान गर्ने ।

निर्णय नं.५. कृषि यन्त्र/ उपकरणहरूको भाडादर सन्दर्भमा नगरस्तरीय भाडादर निर्धारण समितिको देहाय अनुसारको निर्णय अनुसारको भाडादर कायम गर्ने र ईन्धनको मूल्य अनुसार नियमित समायोजन गर्न समितिलाई निर्देशन दिने ।

देहायः

निजी ट्याक्टर तथा अन्य कृषि उपकरणहरुको भाडादरः

| क्र. सं. | यन्त्र/उपकरण | प्रतिमिनेट भाडादर रु. | प्रतिघण्टा भाडादर रु. |
|---|---|---|---|
| १. | हाईरो/कल्टि/थ्रेसर | ४० | २४०० |
| २. | रोटाभेटर | ४५ | २७०० |
| ३. | रिपर | १६।६७ | १००० |

अनुदान प्राप्त ट्याक्टर तथा अन्य कृषि यन्त्र/उपकरणहरुको भाडादर:

| क्र. सं. | यन्त्र/उपकरण | प्रतिमिनेट भाडादर रु. | प्रतिघण्टा भाडादर रु. |
|---|---|---|---|
| १. | हाईरो/कल्टि/थ्रेसर | ३६ | २१६० |
| २. | रोटाभेटर | ४०।५० | २४३० |
| ३. | रिपर | १२।५० | ७५० |

**निर्णय नं.६.** स्थानीय जलवायु अनुकुलन योजना, २०८३ स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं.७.** वडा नं. ५ स्थित रमाईलो डाँडामा नाला निर्माणको लागि विपद् व्यवस्थापनवाट रु. ६ लाख वजेट विनियोजन गर्ने ।

**निर्णय नं.८.** शहरी विकास तथा भवन कार्यालय, हेटौंडाको च.नं. १४८७, मिति २०८३।०१।२२ को पत्र सम्वन्धमा वडा नं. ७ स्थित परुई खोलाको किनारमा रहेका मिति २०८३।०१।०५ को ६९ औं कार्यपालिका बैठकको निर्णयानुसार सिफारिस गरिएका लाभग्राहीहरूले हाल भोगचलन गर्दै आएको जग्गाको स्वामित्व निजहरूको नाममा नरहेको, निजहरू भूमिहीन सुकुम्बासीका रूपमा राष्ट्रिय भूमि आयोगमा फाराम पेस गरी सम्वन्धित वडाबाट समेत प्रमाणीकरण भइसकेको अवस्था र यस नगरपालिकाको भवन निर्माण तथा घर नक्सा नियमन कार्यविधि, २०७९ अनुसार खोला किनारबाट कम्तिमा ३० मिटर छाडेर मात्र भवन निर्माण गर्न पाइने कानूनी व्यवस्था रहेको बेहोरा खुलाई पठाउने ।

CamScanner